# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः २६, माघ २१ गते, २०७८ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधन निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम निर्देशिका (दोस्रो संशोधन), २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।१०।७

व्यास नगरपालिकाको दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम निर्देशिका, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. दफा ५ (३) (क) दैनिक कम्तीमा २०० लिटर र वार्षिक कम्तीमा २०० दिनसम्म दुधको कारोवार गर्ने गरेको को सट्टा नियमित रुपमा दुध सङ्कलन तथा बिक्री वितरण गर्ने गरेको भन्ने राखिएको ।

२. दफा ५ (५) (ग) सदस्य -आर्थिक पूर्वाधार विकास शाखा प्रमुखको सट्टा सदस्य -कृषि, पशु तथा सहकारी विकास शाखा प्रमुख राखिएको छ ।

३. अनुसूची ३ * दैनिक कम्तीमा २०० लिटर देखि ५०० लिटरसम्म दुध सङ्कलन गर्ने सहकारीलाई २० अङ्क र ५०० लिटरदेखि माथि दुध सङ्कलन गर्ने सहकारी संस्थालाई २५ अङ्क दिनु पर्नेछ को सट्टा दैनिक २५ लिटरदेखि ५० लिटरसम्म दुध सङ्कलन गर्ने सहकारीलाई ५ अङ्क, ५० लिटरदेखि १०० लिटरसम्म १० अङ्क, १०० लिटरदेखि २०० लिटरसम्म १५ अङ्क, २०० लिटरदेखि ३०० लिटरसम्म २० अङ्क र ३०० लिटरदेखि माथि दुध सङ्कलन गर्ने सहकारी संस्थालाई २५ अङ्क दिनु पर्नेछ भन्ने राखिएको छ ।

आज्ञाले<br>
डिल्लीराम सिग्देल<br>
प्रमुख प्रशासकीय अधिकृत